नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाण्डौं ।

## बोलपत्र आव्हान वा e-bidding को सूचना

(प्रथम पटक प्रकाशित मिति २०७२/०१/०४ गते ।)

सशस्त्र प्रहरी बल प्रधान कार्यालय अन्तर्गत नेपाल ए.पि.एफ.अस्पताल, बलम्बु हाता भित्र यसै आ.ब.२०७१/०७२ मा हुने ब्यारेक भवनमा तल्ला थप निर्माण कार्य सिलबन्दी बोलपत्र वा **E-bidding** को माध्यमबाट सम्पन्न गर्नु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रहि रितपूर्वकको सिलबन्दी बोलपत्र वा **E-bidding** को माध्यमबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न :-**

१. सिलबन्दी बोलपत्र सम्बन्धी कागजातको अन्तिम बिक्रि मितिको कार्यालय समय सम्म चालु आ.व.को लागि नविकरण भएको इजाजत पत्र, आ.व.२०७०/०७१ सालको कर चुक्ता प्रमाणपत्र, आय कर एवं मु.अ.कर दर्ता प्रमाणपत्रको नोटरी पव्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न राखी नेपाल ए.पि.एफ.अस्पताल बलम्बु, काठमाण्डौ तथा कोष तथा लेखा नियन्त्रक कार्यालय, त्रिपुरेश्वरबाट खरिद गर्न सकिने छ । खरिद भएका बोलपत्र सम्वन्धी कागजात अन्तिम दर्ता गर्नु पर्ने दिनको १२:०० वजे सम्ममा नेपाल ए.पि.एफ.अस्पताल बलम्बु, काठमाण्डौको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी नेपाल ए.पि.एफ.अस्पताल बलम्बुमा मात्र दर्ता गराउनु पर्नेछ ।

२. उल्लेखित कार्यालयहरुबाट बिक्री भएका बोलपत्र सम्बन्धी कागजातमा भर्नु पर्ने सम्पूर्ण पानाहरु भरी दर्ता गर्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु अन्तिम दर्ता गर्नु पर्ने दिनको १४:०० बजे गठित मूल्याङ्कन समिति, सरकारी प्रतिनिधीहरु र बोलपत्रदाता वा निजका प्रतिनिधीहरुको रोहवरमा सम्बन्धित कार्यालयको हाता भित्र खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४. सिलबन्दी बोलपत्र साथ बोलपत्र जमानत नेपाल ए.पि.एफ.अस्पताल बलम्बु, काठमाण्डौले तोकेको धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट “क” बर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै बाणिज्य बैंकबाट नेपाल ए.पि.एफ.अस्पताल बलम्बु, काठमाण्डौको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट १२० दिनसम्म म्याद भएको) पेश गर्नु पर्नेछ ।

५. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । बोलपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा बोलपत्रदाताको सहि छाप भएको हुनु पर्नेछ ।

६. संयुक्त उपक्रमको हकमा मुख्य साझेदार (लिड पार्टनर) को हिस्सा कम्तिमा ४० % (प्रतिशत) तथा अन्य साझेदारहरुको हिस्सा कम्तिमा २५ % (प्रतिशत) हुनु पर्नेछ ।

७. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा मद्दती तथा सेवा निर्देशनालय, सशस्त्र प्रहरी बल प्रधान कार्यालय (फोन नं.०१-२०९२०१४) तथा नेपाल ए.पि.एफ.अस्पताल बलम्बु, काठमाण्डौमा सर्म्पक राख्न सकिने छ ।

८. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाईएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालो सूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

९. म्याद नाघी आएको, रित नपुगेको र सशर्त पेश भएको बोलपत्रहरु मान्य हुने छैन ।

१०. बोलपत्रदातालाई बोलपत्र पेश गर्नु अगाडी आफ्नै खर्च र जिम्मेवारीमा कामको स्थलगत भ्रमण गरी कामको वारेमा स्थलगत जानकारी लिन अनुरोध गरिएको छ साथै प्रि-बिड मिटिङ्ग मिति २०७२/०१/२३ गतेका दिन नेपाल ए.पि.एफ.अस्पताल बलम्बु, काठमाण्डौमा दिनको १२:०० बजे हुनेछ ।

११. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नेपाल ए.पि.एफ.अस्पताल बलम्बु, काठमाण्डौमा निहित रहनेछ ।

१२. यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

१३. यो सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको Website : www.gepson.gov.np र सशस्त्र प्रहरी वलको Website : www.apf.gov.np मा समेत उपलब्ध छ ।

**E-bidding मा भाग लिने बोलपत्रदाताहरुको लागी :**

१. E-bidding मा भाग लिने बोलपत्रदाताहरुको लागि यस कार्यालयले सार्वजनिक खरिद अनुगमन कार्यालयको अन्तरिम Portal बाट भवन निर्माण सम्बन्धी E-bidding को कार्य गरिने छ । उक्त Web मा Login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताहरुले भवन निर्माण सम्बन्धी बोलपत्रमा भाग लिन सक्नेछन् ।

२. बोलपत्र साथ पेश गर्नु पर्ने कागजातहरु E-bidding Portal www.gepson.gov.np मा Scanned Copy Upload गर्नु पर्नेछ । यसरी सहभागी हुने बोलपत्रदाताहरुले बोलपत्र फाराम दस्तुर वापतको रकम सम्वन्धित सशस्त्र प्रहरी बल कार्यालयले तोकेको राजश्व खाताहरुमा नगदै जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नु पर्नेछ । बोलपत्र जमानतपत्रको हकमा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै वाणिज्य बैंकबाट नेपाल ए.पि.एफ.अस्पताल बलम्बु, काठमाण्डौको नाममा जारी भएको बोलपत्र जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट १२० दिनसम्म म्याद भएको) वा नेपाल ए.पि.एफ.अस्पताल बलम्बु, काठमाण्डौको धरौटी खातामा नगदै जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नु पर्नेछ ।

३. E-Submission गर्ने बोलपत्रदाताहरुले बोलपत्र दर्ता गर्ने अन्तिम दिनको १२:०० बजे भित्र PDF Format मा Upload गरिसक्नु पर्नेछ । Upload भएका बोलपत्रहरु सोही दिनको १४:०० बजे खोलिनेछ ।

४. निर्माण ब्यवसायीले E-bidding मार्फत बोलपत्र खोल्ने समयमा निजको ई-बिड दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाईल Unreadable Format वा Corrupted भएमा नेपाल ए.पि.एफ.अस्पताल बलम्बु, काठमाण्डौ जवाफदेही हुने छैन र उक्त बोलपत्रदाताको बोलपत्र मूल्याङ्कनमा समावेश गरिने छैन ।

५. E-bidding गर्ने निर्माण ब्यवसायीहरुले बोलपत्र खोलेको मितिले तेस्रो दिन अर्थात २०७२/०२/०६ गते १४:०० बजे भित्र बोलपत्र जमानत, बोलपत्र खरिद बापतको बैंक भौचरको सक्कलै प्रति तथा आवश्यक सम्पूर्ण Document हरुको Hard copy सक्कलै वा Notary Public बाट प्रमाणित कागजात अनिवार्य पेश गर्नु पर्नेछ । अन्यथा मूल्याङ्कनमा समावेश गरिने छैन ।

पुनश्चः एकै बोलपत्रदाताले सिलवन्दी बोलपत्र वा E-bidding मध्ये कुनै एक वा दुबै माध्यमबाट बोलपत्र पेश गर्न सक्नेछन् । दुवै प्रणाली प्रयोग गरी बोलपत्र पेश गरेको दुई बोलपत्र बिच भिन्नता भएमा दुवै बोलपत्र स्वतः रद्द हुनेछ ।

## सम्बन्धित कार्यालयको खाता विवरणहरु

| सि.नं. | कार्यालयको नाम | कार्यालयको कोड नं. | राजश्व खाता नं. | धरौटी खाता नं. |
|---|---|---|---|---|
| १. | नेपाल ए.पि.एफ.अस्पताल, बलम्बु, काठमाण्डौ । | २७-३१४-६९ (राष्ट्रिय बाणिज्य बैंक टेकु शाखा) | १-१-००१ (को.ले.नि.का.त्रिपुरेश्वर) | १७००२०३ (को.ले.नि.का.त्रिपुरेश्वर) |

**निम्नः-**

| ठेक्का नं. | कार्यालयको नाम / स्थान | कामको विवरण/निर्माण स्थल | स्वीकृत ल.ई.रु. (भ्याट र कन्टिन्जेन्सी बाहेक) | बोलपत्र जमानत वापत रकम रु. | बोलपत्र दस्तुर रु. | प्रि-बिड मिटीङ्ग मिति | बोलपत्र अन्तिम बिक्रि मिति | बोलपत्र अन्तिम दर्ता गर्ने एवं खोलिने मिति |
|---|---|---|---|---|---|---|---|---|
| APF/NCB Works/071/072-021 | नेपाल ए.पि.एफ. अस्पताल, बलम्बु, काठमाण्डौ । | ब्यारेक भवनमा तल्ला थप निर्माण कार्य । निर्माण स्थल :-नेपाल ए.पि.एफ. अस्पताल बलम्बु, काठमाण्डौं । | ५३,०८,१९३।३३ | १,७५,०००।- | १,०००।- | २०७२/०१/२३ गते | २०७२/०२/०३ गते | २०७२/०२/०४ गते |